# कल्याण फाउण्डेशनको निर्देशिका

**( मितिःमार्च ४,२०१८)**

(क)  लामिटारे र ढकाल परिवाद्वारा स्थापित संस्थाको नाम (कल्याण फाउण्डेशन) रहनेछ । परिवारका सदस्यहरूलाइ एक आफसमा जोड्ने,एक अर्कामा सेवा सहयोग गर्ने र परिवारले मान्दै ल्याएका मूल्य-मान्यता र संस्कारहरूलाइ निरन्तर संरक्षण र संबर्धन गर्दै लैजानका निम्ति नै यस कोषको स्थापना गरिएको हो । यस विशाल देशमा हाम्रा सन्तानहरू दिकभ्रमित र  पहचान विहीन नबनून् भन्ने नै यस संस्थाको स्थापनाको महान लक्ष्य हो ।

**(ख) यस कल्याणकारी  फाण्डशनको स्थापनाः**

 दिसम्बर २३,२०१७का दिन स्थापना गरिएको हो । आस्था,विश्वास,पारिवारिक अखण्डता,एकता र सद्भाव समेटिने यस कल्याणकारी  फाउण्डेशनको वास्तविक नाम ढकाल–लामिटारे कल्याण फाउण्डेशन रहनेछ । मूलरुपमा यस संस्थाका  संस्थापक सवै लामिटारे परिवार र भवानी ढकाल र नरपति ढकाल परिवार रहनेछन् । लामिटारे परिवारहरुका साथै  ढकाल परिवार यस संस्थाका सक्रिय सदस्यका रुपमा रहनेछन् । यो नितान्तै पारिवारिक संस्था भएपनि यसको उद्धेश्य,सिद्धान्त र विधानभित्र रहन चाहने जो कोही परिवारका सदस्यहरु पनि यस संस्थाको सदस्य बन्न सक्नेछन् ।

**(ग) कल्याणकारी फाउण्डेशनका उद्देश्यहरुः**

१,परोपकरी कार्यमा सहयोग जुटाउन आर्थिक कोषको स्थापना लागि अर्थ संकलन गर्ने
२,परिवारका सदस्यहरुलाई भाषा,संस्कार, संस्कृतिप्रति सचेत गराउदै पारिवारिक सम्बन्ध,मूल्य र मान्यताप्रति सजग गगराउने
३,नयाँ पुस्तालाई देश,समाज र परिवारप्रतिको सेवा र कर्तव्यप्रति उत्तरदायी बनाउने
४,दुःख,पीडा,आपत विपत र प्रकृतिप्रकोपमा परेका  मानिसहरुलाई यथाशक्य सहयोग गर्ने
५,समाज सेवा र साहित्य सृजनामा लागेका उत्कृष्ट व्यक्तित्वहरुलाई सम्मान र पुरष्कृत गर्ने

**(ड) आर्थिक संकलनको स्रोत र कोषको व्यवस्थापनः**

१,सदस्यहरुबाट संकलित सदस्यता शुल्कहरु नै यस कल्याणकारी कोष स्थपनाको स्रोत हुनेछ । यस कोषका संस्थापक मुख्य (घरमुली)हरुबाट १ सय डलर र तिनीहरुका प्रत्येक १८ वर्ष भन्दा माथि उमेरका काम गर्ने सदस्यहरुबाट महिनाको ६ डलर सदस्यता शूल्क संकलन गरेर आर्थिक कोष बढाइनेछ । यसका साथै भजन,कृतन र देउसी भैली जस्ता कार्यक्रम आयोजना गरेर पनि आर्थिक कोषलाई बज्बुद बनाइनेछ ।

२,परोपकार वा सहयोगका लागि संकल गरिएको सो रकम फाउण्डेशनका मुख्य संयोजक र अर्थसंयोजकको नाममा संकलन हुनेछ । र उनीहरुको सम्युक्त नाममा खोलिएको बैंक एकाण्टमा सो रकम जम्मा हुनेछ । १०० डलर भन्दा बढी खर्च गर्नुपरेका खण्डमा संस्थाका अन्य सदस्यहरुको सल्लाह र सुमmाव समेत लिनुपर्नेछ । संस्थाको आर्थिक लेनदेनलाई विश्वसनीय र पारदर्शी बनाउनका निम्ति प्रत्येक ६र ६ महिनामा आर्थिक आय–व्ययका सम्बन्धमा अर्थसंयाजकले आर्थिक विवरण पेश गर्नुपर्नेछ ।
३,सूचना र सम्पर्कका निम्ति फोन, इमेल ,फेशबुक र मेसेन्जर जस्ता माध्यमहरुमध्ये कुनै एउटालाई साम माध्यका रुपमा प्रयोग गर्ने ।

**(च) अर्थसंकलनका लागि निम्न  कार्यक्रमहरु सञ्चालन गरिनेछः**

१,हप्ताहमा एक पटक प्रतेक आइतबार बेलुकी ४ बजेदेखि ६ बजेसम्म  सञ्चालन हुने कार्यक्रमको थालनी ब्यायम, योगा,ध्यान र न्यासबाट प्रारम्भ हुनेछ । (योगा र प्राणायामका लागि १५ मिनटको समय निर्धारित गरिएको छ )
२, त्यसपछि  भजन,कृतन हुनेछ । ( भजन र कृतनका लागि ३० मिनटसमय निर्धारण गरिएको छ )
३,हाँजिरीजवाब,लोकदोहरी,संगिनी,अन्त्यक्षरी र सचेतान र जानकारीमूलक कार्यक्रम जस्तैःस्वास्थ्य,शिक्षा,विज्ञान र समसामयिक विषयमा छलफल,कथा,कविता र गजल आदि वाचन गर्ने ।
४, पुराना पुस्ताका अनुभव, पीडा र नयाँ पुस्ताका खुशी,भावी सपना र महत्वकांक्षाहरुबारे सुन्ने सुनाउने । यसरी नयाँ नयाँ र महत्वकांक्षी कार्यक्रमहरु तर्जुमा गर्ने गराउने ।

**(छ) निम्न कार्यक्रमहरुका लागि आर्थिक सहयोग गर्नेः**

१,परिवारको चिनारी गराउने,पुरुखाहरुको गौरवमय इतिहासलाई जीवन्त राख्ने कार्यक्रमहरु जस्तैःबाडीपीडित,भूकम्प र आगलागी जस्ता घटनाबाट प्रताडित समाज वा परिवारलाई यथाशक्ति आर्थिक सहयोग गर्ने ।
२,देश, समाज र समुदायका लागि  योगदान गर्ने स्रष्टा,लेखक र समाजसेवीहरुको सम्मान वा पुरष्कारका लागि खर्च गरिनेछ । जस्तै प्रत्येक ३ वर्षमा वित्तरण गर्ने हिमटिका लामिटारे स्मृति आख्यान पुरष्कार) । त्यसैगरी पविटिका ढकाल स्मृति पुरष्कार जस्ता महत्वपूर्ण कार्यमा खर्च गरिनेछ ।
३,परिवारका युवाहरुको क्षमता वृद्धि,नेतृत्व विकास, परिवार र समाजप्रति दायित्वबोध गराउने कार्यक्रमका लागि खर्च गरिनेछ ।
४,कार्यक्रममा सवैको उपस्थिति अनिबार्य हुनुपर्नेछ । कार्यक्रममा कारण नखुलाई वा जानकारी नगाराइ अनुपस्थित हुनेहरुका लागि ५ डलर आर्थिक दण्ड लाग्नेछ । दण्डस्वरुप उठेको सो रकम संस्थाको कोषमा जम्मा गरिनेछ ।
५,युवा,बृद्ध बृद्धा र बालबालिकाहरुको उपस्थिति अनिवार्य रहनेछ ।
६, फाउण्डेशनका सदस्यहरू बिच असमझदारी र विद्वेषहरू उत्पन्न भएमा तत्काल फाउण्डेशनका संयोजक ,अर्थसंयोजक र  घरमूली मध्येबाट एकजना सदस्य सम्मिलित

त्रीसदस्यीय समितिको गठन जरिनेछ र समितिले  उत्पन्न असमझदारी र  समस्याहरूको समाधानका लागि काम गर्ने छ ।
६,निर्देशिकामा उल्लेखित नियमहरूलाइ समयसँगै आवश्यकता अनुसार थप/ घट वा परिवर्तन गर्दै लगिनेछ ।
८,संस्थामा रहन नचाहने कुनै पनि सदस्य वा संस्थापक सदस्यहरू फाउण्डेश बाट स्वेच्छापूर्वक बाहिरन सक्नेछन् तर  सदस्यता स्वरूप जम्मा भएको रकम भने फिर्ताहुने छैन ।
निष्कर्षः माथि  निर्देशिकामा उल्लेखित सबै बुँदाहरूको अक्षरशः पाल्न गर्नेमा सवै सदस्यहरू र परिवारका मूलीहरू सहमत भएका छौ र निर्देशिका विपरित आचरण नगर्ने बचाबद्धता  समेत जाहेर  गर्दौ ।